# ECHO OF HIS CALL

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE (ECHO GROUP)

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKODA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXII | YEAR OF OUR LORD JESUS CHRIST, OCTOBER 2022 | No. 10


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह ७३:१-१०**

१. साँच्चै नै इस्राएलको निम्ति परमेश्वर भला हुनुहुन्छ, तिनीहरूका निम्ति जसको हृदय शुद्ध छ ।

२. तर मेरा खुट्टा प्रायः चिप्लन लागेका थिए । मैले मेरो टेक्ने आधार हराउन लागेको थिएँ ।

३. किनकि दुष्टहरूको उन्नति देखेर ती अहङ्कारीहरूको म डाह गर्दथें ।

४. तिनीहरूलाई कठिनाइ छैन, तिनीहरूका शरीर स्वस्थ र बलिया छन् ।

५. अरू मानिसहरूझैं तिनीहरू कष्टमा हुँदैनन्, तिनीहरूमाथि मानव खराबी आइलाग्दैनन् ।

६. यसकारण अहङ्कार तिनीहरूको सिक्री हुन्छ र तिनीहरू हिंसाको वस्त्र लाउँछन् ।

७. तिनीहरूका निष्ठुर हृदयबाट दुष्टता निस्कन्छ, तिनीहरूका मनको दुष्ट अहङ्कारको सीमा छैन ।

८. तिनीहरू ठट्टा गर्छन् अनि डाहका कुरा गर्छन् र आफ्नो अहङ्कारमा अत्याचार गर्ने धम्की दिन्छन् ।

९. तिनीहरूका मुखले स्वर्गकै दाबी गर्छन् र तिनीहरूका जिब्राले पृथ्वीलाई अधिकार गर्छन् ।

१०. यसकारण तिनीहरूका मानिसहरू तिनीहरूतर्फ फर्कन्छन् र प्रशस्त पानी पिउँछन् ।

# महत्वकाङ्क्षी व्यक्तिको रूपमा आफैंलाई परिवर्तन गर्नुहोस्

## CHANGE AS GOAL ORIENTED PERSON!

**लक्ष्यमा केन्द्रित भएको व्यक्तिको महत्वकांक्षा उसको जीवनभन्दा ठूलो हुन्छ ।**

**(मुख्य मण्डलीमा पास्टर एस. साम सेल्भाराजले दिनुभएको सन्देश)**

यो संसारमा विशेष महत्वकाङ्क्षाका साथमा जिउने धेरै मानिसहरू छन् । हामी, ख्रीष्टियानहरूमा हाम्रा सांसारिक जीवनमा मात्रै महत्वकाङ्क्षा हुनुहुँदैन तर हाम्रो आत्मिक जीवनमा पनि विशेष महत्वकाङ्क्षा हुनुपर्छ । एउटा अत्यन्तै विशेष जीवन जिउन एउटा व्यक्तिमा बलियो आत्मिक जग हुनुपर्छ । कुनै व्यक्तिमा आत्मिक महत्वकाङ्क्षा छैन भने ऊ विजयी जीवनमा जिउन सक्दैन ।

कुनै व्यक्तिले आफ्नो जीवनमा कुनै विशेष कुरा भएको चाहन्छन् भने उसमा स्वतन्त्र सोचाइ हुनुपर्छ । आफ्नो जीवनमा असल उद्देश्यहरू र लक्ष्यहरू निर्धारण गर्ने मानिसहरू समयसँगै आफूलाई परिवर्तन गर्दैनन् । तिनीहरूले पहिले नै पाएका आफ्ना आत्मिक दर्शनमा त्यस्ता मानिसहरू बलियो भएर बस्छन् । हामीले विश्वास गर्ने कुरामा हामी स्पष्ट नभएसम्म हामी सफल जीवनमा अगाडि बढ्न सक्दैनौं ।

आफ्ना विचार निरन्तर परिवर्तन गरिरहने मानिसलाई आफ्नै वरिपरि गुँडुल्किएको सर्पसँग तुलना गर्न सकिन्छ । आफ्नो विचारमा निरन्तर स्थिर रहनेहरू मात्रै ठूला अगुवाहरू बन्न सक्छन्, जो अरूलाई आशिष् हुने माध्यमको रूपमा जिउँछन् । **"दोहोरो मन भएको मानिस उसका सबै चालचलनमा अस्थिर हुन्छ"** (याकूब १:८) ।

## १. प्रभुको आराधना गर्न र सेवा गर्न महत्वकांक्षा भएका मानिसहरू:

हामीले यहोशू २४:१५ मा पढ्छौं: **"तर यदि परमप्रभुको सेवा गर्न तिमीहरूलाई मन पर्दैन भनेता तिमीहरूले कसको सेवा गर्ने आजै तिमीहरूले रोज... तर म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछौं ।"** यहाँ प्रश्न छ: **"तिमीहरूले कसको सेवा गर्नेछौ ?"** हामी सबै जनाले प्रभु येशू ख्रीष्टको सेवा गरिरहेका छौं भन्ने कुरा सत्य हो । तर के हामीले प्रभु येशू ख्रीष्टको मात्रै सेवा गरिरहेका छौं ?

जब हामीले यहोशूको जीवनको बारेमा पढ्छौं, तिनले अध्याय २४ मा तिनले ठूलो चुनौती सामना गरेको हामीले थाहा पाउँछौं । परमेश्वर यहोशूसँग बोल्नुभयो, "इस्राएलका मानिसहरूलाई मैले मिश्रबाट बाहिर

बाँकी पृष्ठ ३ मा

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



(ECHO GROUP)

# तपाईंको प्रिय भाइबाट....



Pr. Sam Selva Raj with daughter Angeline and son Alex

**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


CHIEF EDITOR
Angeline Selvakumari Henry, M.A., M.Ed.
MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
ADMINISTRATION
Bro. N. Prakasam, M.A., General Manager
EDITORIAL BOARD
Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Rev. Dr. K.R. Rajasekaran
Dr. A. Richard Samuel, M.A., Ph.D.



EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858



CORE LEADERS
Bro. K. Puratchivendan
Bro. A. Edward Durai
Bro. A. Alvin
Bro. K. Abraham
Sis. Dhanalakshmi Chinnaiah



E.mail ID
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
YOUTUBE CHANNEL
Echo of His Call


**"...म तँलाई छोड्ने अनि तँलाई त्याग्नेछैनँ" (यहोशू १:५) ।**

प्रभुमा प्यारा दाजुभाइ तथा दिदीबहिनीहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू खीष्टको मीठो नाउँमा तपाईंलाई अभिवादन ।

संसारमा उहाँको वचन फैलाउन हामीमाथि खन्याउनुभएको उहाँका सबै अचम्मका आशिष्हरूका निम्ति हामी परमेश्वरलाई प्रशंसा गर्छौं । हामीप्रति तपाईंको प्रेम, वास्ता र सहायताको निम्ति हामी तपाईंलाई धन्यवाद दिन्छौं ।



*Nehemiah Bible College*

हाम्रो प्रभु येशू खीष्टको अनुग्रहद्वारा हामीले आफ्ना धेरै क्रियाकलापहरू पुन:सुरु गरेका छौं । साना बालबालिकालाई तयार गर्न हामीसँग काम गर्न हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलले** असल शिक्षाविद्हरूको समूहको साथमा आशिष् पाएको छ । त्यसै गरी, हाम्रो **नहेम्याह बाइबल कलेज** १५ जना चिरपरिचित ईश्वरशास्त्रीहरूका साथमा गम्भीर रूपमा अघि बढिरहेको छ र अर्को पुस्तामा महिमित सुसमाचार बोक्न नियमित र आवासीयका साथै पत्राचारबाट युवा-युवतीलाई तालिम दिइरहेका छन् ।




*St. Paul's Matriculation School*

१६ वटा भाषाहरूमा **बोलावटको प्रतिध्वनि पत्रिकाको** सहसम्पादक र उपसहसम्पादकहरूका रूपमा हामीसँग काम गरिरहनुभएका २५ जना बाइबलका विद्वानहरूका निम्ति हामी परमेश्वरलाई धन्यवाद दिन्छौं । हाम्रो प्रभु येशूले हाम्रा प्रशासनिक कार्यालय र सुसमाचार छापाखानाको साथमा मेहेनेत साथ काम गर्ने परमेश्वरका सेवकहरूका साथमा सुसज्जित गर्नुभएको छ । परमेश्वरको कामलाई तीव्र गर्न हामीलाई परमेश्वरका धेरै सेवकहरूको आवश्यकता छ ।



हाम्रो मुख्य मण्डलीमा आइतवार बिहान ५ बजेदेखि साँझ ८ बजेसम्म चार वटा भाषाहरूमा छ वटा सेवाहरू हुन्छन्, तामिल, अंग्रेजी, तेलगू र हिन्दी । हाम्रा शाखा मण्डलीका पास्टरहरू र



*Sunday Church Services*

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

उहाँका सहयोगीहरूद्वारा सम्बन्धित स्थानहरू र भाषाहरूमा उहाँहरूका विभिन्न क्रियाकलापहरूका साथमा प्रभावकारी रूपमा पनि हाम्रा शाखा मण्डलीहरू संचालन भइरहेका छन् ।

मुख्य मण्डलीमा भएका हाम्रो कर्मचारीहरूले हरेक आइतवार दिउँसो हाम्रो मिनिबसबाट हाम्रा स्थानीय मण्डली भ्रमण गर्छन्, बाल सेवकाइ संचालन गर्छन् र असल नागरिकहरू निर्माण गरिरहेका छन् । अगस्त ३१, २०२२ को पूरै दिन हामीले हाम्रा मण्डलीका किशोरकिशोरीहरू, बाइबल कलेजका विद्यार्थीहरू र मण्डलीका अगुवाहरूका निम्ति युवा रिट्रिट राखेका थियौं । वचनको सेवकाइ दिने व्यक्तिको रूपमा बेङ्गलोरका रेभ.डा. सन्नी प्रसादले सेवा दिनुभएको थियो । गुजरातका रेभ. नयन राजन बिरो आउनुभएको थियो, हामीसँग बस्नुभयो र १५-२० अगस्त २०२२ सम्म हाम्रो बाइबल कलेजका विद्यार्थीहरूका लागि विशेष कक्षाहरू संचालन गर्नुभएको थियो ।



**_Rev. Sam Selva Raj &_**
**_Rev. Nayan Ranjan Beero_**

भारत र यसका छिमेकी देशहरूमा सुसमाचार फैलाउनको निम्ति बढिरहेका यी सबै पुरुष र महिलाका निम्ति हामीलाई तपाईंका प्रार्थनाको आवश्यकता छ ।

तपाईंको निम्ति हाम्रो निरन्तरको प्रार्थनामा निश्चिन्त रहनुहोस् । परमेश्वरले तपाईंलाई आशिष् देऊन् ।

*ख्रीष्ट येशूमा तपाईंका सेवकहरू*

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858,
E.mail : samselvaraj333@gmail.com

---

*पृष्ठ १ बाट*

निकालें । मैले तिनीहरूलाई सुरुदेखि नै आशिष् दिएँ र मेरो नाम तिनीहरूलाई दिएँ। जब तिनीहरूले सहायताको लागि मलाई पुकारे, म तिनीहरूसँग थिएँ र तिनीहरूलाई सम्हालें । मैले तिनीहरूलाई सारा अन्धकारबाट छुटकारा दिएँ र सुख्खा जमिनमा हिँडेर लाल समुद्रा पार गर्न तिनीहरूलाई अनुमति दिएँ। जब मिश्र देशका सेनाले तिनीहरूलाई खेदे, मैले तिनीहरूका निम्ति उम्कने बाटो बनाएँ ।" इस्राएलीहरूका निम्ति परमप्रभुले गर्नुभएका असल कामहरूका बारेमा बताइसकेपछि यहोशूले अब सोध्छन्, **"तिमीहरूले कसको सेवा गर्नेछौ ?"**

***प्रभुको सेवा गर्न हामी महत्वकांक्षी हुनुपर्छ । प्रभुको सेवा गर्ने विचारमा हामीलाई दर्शन र प्रकाशको आवश्यकता छ । यी दिनहरूमा बचाइएकाहरू र बप्तिस्मा लिएकाहरू आफ्ना परिस्थितिअनुसार परिवर्तन भएको देख्दा धेरै दुःख लाग्छ । परमप्रभुको सेवा गर्ने आफ्ना दर्शनमा तिनीहरू बलियो नभएको हुनाले जब परिस्थिति परिवर्तन हुन्छ, तिनीहरूले त्यो गुमाउँछन् ।***

यहोशूले भन्छन्, **"तर म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछ ।"** मानिसहरूले जवाफ दिएर भने, "हामीले परमप्रभुलाई त्यागेर अरू देवताहरूको पूजा गर्न नपरोस् ।" हामीले सबैभन्दा धेरै प्रेम गर्ने व्यक्तिको हामीले आराधना गर्छौं । परमप्रभु परमेश्वरले आफ्ना सन्तानले उहाँलाई मात्रै आराधना गरेको पनि चाहनुहुन्छ । उहाँ यो कुरामा जोसिलो हुनुहुन्छ । परिवर्तन भइरहेको समयअनुसार आफ्नो विश्वास र सिद्धान्त परिवर्तन गर्ने मानिसहरूसँग उहाँ खुसी हुनुहुन्न । आत्मिक दर्शन भएका र सोहीअनुसार जिउनेलाई मात्रै उहाँले आशिष् दिनुहुनेछ । धेरै मानिसहरूले आफैंलाई परमप्रभु परमेश्वरको आराधना गर्ने र उहाँलाई पछ्याउने उपयुक्त परिस्थितिमा पाउँदैनन् । धेरैले येशूलाई पछ्याउन चाहे पनि तिनीहरूका समाजले तिनीहरूलाई त्यसो गर्न अनुमति दिँदैनन् । तर म तपाईंलाई सम्झना दिलाउन चाहन्छु "परमेश्वरले कहिल्यै पनि आफ्ना सन्तानलाई त्याग्नुहुन्न ।" उहाँ सम्पूर्ण घरानालाई बचाउन निश्चित हुनुहुन्छ: **"प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस् र उहाँले उद्धार पाउनुहुनेछ, तपाईं र तपाईंका परिवारले"** (प्रेरित १६:३१) । परिवारमा भएका एउटै व्यक्तिले पनि प्रभु येशूलाई ग्रहण गर्छ भने परिवारमा भएका हरेक जना बचाइनेछन् भनेर प्रभुको वचनले प्रतिज्ञा गर्दछ ।

ख्रीष्टलाई साँचो रूपमा पछ्याउने कोही पनि नष्ट हुँदैनन् । प्रभु येशूको सेवा गर्नेहरू संसारका महान् अगुवाहरू छन् भनेर हामीले आज पनि पाउँछौं । परमेश्वर आफैं सारा संसारभरि शासन गर्नुहुन्छ । सबै महाद्वीपका मानिसहरू उहाँको शक्तिशाली नाउँको ज्ञानमा आइरहेका छन् । यहोशूजस्तै हामी सबै जनाले प्रभुको सेवा गरौं र परमप्रभुलाई सदा सेवा गर्ने बलियो महत्वकाङ्क्षा हाम्रो परिवारमा भएका हरेक सदस्यमा भएका होऊन् ।

तपाईं गुप्त ख्रीष्टियान हुनुहुन्छ र येशू ख्रीष्टलाई खुल्लमखुल्ला स्वीकार गर्नुहुन्न भने तपाईंको जीवनको शैली परिवर्तन गर्न समय तपाईंको निम्ति आएको छ । येशूले भन्नुहुन्छ, **"यसकारण हरेक जसले मानिसहरूका सामु मलाई स्वीकार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु"** (मत्ती १०:३२) ।

तपाईं सधैं भयपूर्ण जीवनमा जिउन बाइबलले तपाईंलाई अनुमति दिँदैन । हाम्रा प्रार्थना स्वर्गमा पुऱ्याउने हो भने हामीले प्रभु येशूले हाम्रो जीवनमा के गर्नुभयो भनेर सार्वजनिक रूपमा स्वीकार गर्नुपर्छ । त्यसैले, निडरतापूर्वक येशूको निम्ति जिउनुहोस् । यहोशू ऐतिहासिक बाइबलका चरित्र हुन्, जसमा प्रभुले ठूलो आश्चयकर्म र अलौकिक हस्तक्षेपहरू गर्नुभएको थियो । जब तिनको समाज परमप्रभुको अघि उहाँलाई प्रसन्न पार्ने जीवन जिउन असफल भएको थियो, तिनी आफ्नो आत्मिक विश्वासमा बलिया थिए र आफ्ना मानिस र परमप्रभु परमेश्वरको अघि विजयी जीवन जिए । त्यस्तै गरी, तपाईं प्रतिकूल अवस्थाको बीचमा जिउनुपरे पनि तपाईं सफल भएर निस्कन

सक्नुहुन्छ, प्रभु येशूलाई आराधना गर्ने महत्वकाङ्क्षी व्यक्ति हुन तपाईं परिवर्तित हुनुहुन्छ भने ।

## २. परमेश्वर र परमेश्वरको मण्डलीलाई प्राथमिकता दिने महत्वकाङ्क्षी मानिसः

बाइबलले भन्दछ, **"तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्"** (मत्ती ६:३३)। हामीले सबैभन्दा पहिले परमेश्वरको राज्य खोजी गरेको येशूले चाहनुहुन्छ। तर संसारका मानिसहरूले पैसाको खोजी गर्न चाहन्छ र पैसाबाट मात्रै सबै आनन्द प्राप्त गर्न सकिन्छ भनेर सोच्छन्। तर बाइबलले ठीक विपरीत कुरा घोषणा गर्छ । जब तपाईंले परमेश्वरको राज्यमा पुग्ने मार्गहरूको खोजी गर्नुहुन्छ, यो संसारमा तपाईंलाई आवश्यक भएका हरेक आशिष् तपाईंको पछि लाग्नेछ। जब हामीले सांसारिक आशिष्‌को बारेमा चिन्ता गर्छौं, येशूले त्यसलाई यस्तो भन्नुहुन्छ, **"ए अल्पविश्वासी हो"** (मत्ती ६:३०) । सामान्यतयाः हामीले चिन्ता गर्नुपर्ने कुराको निम्ति हामीले चिन्ता गर्दैनौं। त्यसको साटो हामीले कम महत्वपूर्ण भएका कुराहरूका बारेमा चिन्ता गर्छौं । हामीले आफ्नो खानेकुरा, लुगा र संसारमा आवश्यक भएका थोकहरूका बारेमा चिन्ता गर्नुपर्दैन भनेर येशूले हामीलाई बताउनुहुन्छ । जब परमेश्वरले जंगलमा फुल्ने फूलहरूलाई सुन्दर बनाउन र सारा जंगति पक्षीहरू र पशुहरूलाई खानेकुरा उपलब्ध गर्न सक्नुहुन्छ भने, उहाँले तपाईं र मलाई दिन सक्नुहुन्न र ? जसरी हामीले यहोशूको बारेमा पढ्छौं, हामीले यहाँ एउटा प्रश्नको सामना गर्छौं: **"तिमीहरू केको बारेमा चिन्ता गर्छौ ?"**

जवाफचाहिँ यही हो, "परमेश्वरको राज्य र उहाँको धार्मिकता खोजीको बारेमा हामीले चिन्ता गर्नुपर्छ ।" तर आजका ख्रीष्टियानहरूले मुख्य रूपमा संसारका आशिष्‌का खोजी गर्छन् र संसारका थोकहरूलाई पहिलो प्राथमिकता दिन्छन्, परमेश्वरको राज्य र उहाँको धार्मिकता तिनीहरूका निम्ति दोस्रो हुन्छ । तर तिनीहरू पहिले नै असफलताको मार्गमा लाग्न सुरु गरेका छन् भनेर तिनीहरूले याद गर्नुपर्छ ।

हे, दाजुभाइ तथा दिदीबहिनी ! के तपाईं निरास र पराजित भएको महसुस गर्नुभएको छ ? तपाईंले आफ्ना सबै परिवारका सदस्यलाई भेला गर्नुहुन्छ र येशूमा प्रार्थना गर्नुहुन्छ भने उहाँले तपाईंका सबै बोझ र चिन्ता हटाउनुहुनेछ, तपाईंका सबै ऋण चुक्ता गरिदिनुहेनछ, तपाईंको परिवार र तपाईंका सन्तान आशिषित हुनेछन्, तपाईंका सन्तानले असल भविष्य पाउनेछन् ।

तपाईंले आफ्नो जवानी अवस्थामा येशूमा असल जिवन जिउने निर्णय गर्नुहुन्छ र जब तपाईंले आफ्नो वृद्धावस्थामा ती कुरालाई फर्केर हेर्नुहुन्छ, तपाईंले वास्तवमै विजयी जीवन जिउनुभएको थियो भनेर तपाईंले पाउनुहुनेछ । बाइबलले परमप्रभुको भय मान्नेहरूलाई यस्तो प्रतिज्ञा गर्दछ, **"तिमीले आफ्नो परिश्रमको फल खानेछौ"** (भजनसंग्रह १२८:२) । यस्ता आशिष् पाउनको निम्ति परमेश्वरको राज्य खोजी गर्ने प्रयत्न गर्नुहोस् ।

परमेश्वरमा तपाईंको सेवा चिन्ताहरू र बाहिरी प्रभावहरूबाट स्वतन्त्र हुन सक्छन् । जब तपाईंले सांसारिक इनामको आशा नराखी काम गर्नुहुन्छ, परमेश्वर स्वर्गबाट तपाईंलाई आशिष् दिन प्रसन्न हुनुहुनेछ। तपाईंको सेवकाइ सानो वा ठूलो भए पनि त्यसलाई खुसीसाथ स्वीकार गर्नुहोस् र त्यसलाई पूरा हृदयले गर्नुहोस्। यसले तपाईंलाई सिद्ध आशिष् ल्याउनेछ । परमेश्वरले आफ्नो समयअनुसार सहायता तपाईंकहाँ पठाउनुहुनेछ। यो संसारमा उहाँ तपाईंको सान्त्वना हुनुहुनेछ, जुन रोग र शोकले भरिएको छ। तपाईंको जीवनको अन्त्य नभएसम्म तपाईंका सबै आवश्यकताहरू पूरा गर्न उहाँ सक्षम हुनुहुन्छ । परमेश्वरको हातबाट हामीले प्राप्त गर्ने आशिष् असल, सिद्ध र अचम्मका छन् । ***परमेश्वरबाट माथिका सारा आशिष् प्राप्त गर्न हामी परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर्न साँचो महत्वकाङ्क्षा भएको व्यक्ति बन्नुपर्छ !***

## मण्डलीमा मिलेर भेला हुनेः

हालका दिनमा ठूलो सङ्ख्यका ख्रीष्टियानहरूले आइतवार परमेश्वरको आराधना गर्न मण्डलीको सेवामा सहभागी हुन बेवास्ता गरिरहेका छन् । त्यसकारण, तिनीहरूमा उपयुक्त बाँध्ने कुरा वा आफ्नो मण्डलीसँगको कुनै सम्बन्ध छैन भनेर तिनीहरूले प्रमाणित गरेका छन्, जुन परमेश्वरले तिनीहरूलाई दिनुभएको छ । परमेश्वरका असामान्य सेवकहरू भनिने, टेलिभिजन, यूट्यूबजस्ता सामाजिक मिडियाहरूबाट गलत रूपमा आकर्षित भएका छन् र परमेश्वरले दिनुभएका पास्टरहरू र मण्डलीहरूलाई

....Contd. to page 6


**नहेम्याह बाइबल**
**आवासीय कलेज, चेन्नाइ**

माध्यमः हिन्दी

*ATA- सदस्यताको निम्ति दर्ता भएको उम्मेद्वार*

Regd. Candidate for Membership ATA NEHEMIAH BIBLE COLLEGE CHENNAI ★ ECHO OF HIS CALL ★ Estd.: 1969

विगत ५३ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

**ईश्वरशास्त्रमा प्रमाणपत्रः एक वर्ष**
**ईश्वरशास्त्रमा डिप्लोमाः दुई वर्ष**

योग्यताः दश कक्षा र सोभन्दा माथि — भर्नाको लागि छिट्टै गर्नुहोस्।

**Contact : The Chairman, Nehemiah Bible College.**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

★ अनलाइन कक्षाहरु उपलब्ध छन् ★

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरलाई प्रशंसा गरौं...

अक्टोवर १९: सुसमाचारको साथमा सुसमाचार नपुगेको क्षेत्रहरूमा प्रवेश गर्न हामीलाई अनुग्रहपूर्वक सहायता गर्नुभयो ।

अक्टोवर २०: धेरै विश्वासीहरूका साथमा हाम्रो मुख्य र शाखा मण्डलीहरूलाई उहाँको आशिष् दिनुभएको निम्ति ।

अक्टोवर २१: हाम्रो मुख्य मण्डलीमा पुरुष संगतिको निम्ति उहाँको आशिष्को निम्ति ।

अक्टोवर २२: १६ वटा भाषाहरूमा भएका हाम्रो प्रकाशनको निम्ति उहाँको आशिष्को निम्ति, जुन हाम्रो छापाखानामा छापिएको थियो र मिसनको क्षेत्रमा पठाइएको थियो ।

अक्टोवर २३: **हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबलल कलेज र ईश्वरशास्त्रीय पत्राचार कोर्सहरूका निम्ति ।**

अक्टोवर २४: हाम्रो मुख्य मण्डलीमा हाम्रो दिदीबहिनीह बैठकको निम्ति ।

अक्टोवर २५: नियमित रूपमा ईश्वरशास्त्रीय सेमिनारहरू संचालन गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

अक्टोवर २६: १९६९ देखि पत्रिका सेवकाइमा हाम्रो समर्पणतामा उहाँको आशिष्को निम्ति ।

अक्टोवर २७: हाम्रा कर्मचारीहरूका परिवारमाथि उहाँले आशिष् खन्याइदिनुभएको निम्ति ।

अक्टोवर २८: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँहरूका परिवारहरूमाथि उहाँको कृपाको निम्ति ।

अक्टोवर २९: **बोलावटको प्रतिध्वनि सेवकाइको** ५४ औं वर्षमा प्रवेश गर्न उहाँको अनुग्रहरु आशिष्को निम्ति ।

अक्टोवर ३०: ५४ वर्षमा हाम्रो प्रवेशलाई इङ्गीत गर्न भएको भेटघाट कार्यक्रम संचालन गर्न हामीलाई सहायता गर्नुभएको निम्ति ।

अक्टोवर ३१: अन्य सेवकाइहरूलाई पनि सहायता गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

नोभेम्वर १: विगतको महिनाका हाम्रा आर्थिक र आत्मिक आवश्यकताहरू पूरा गर्नुभएको निम्ति ।

नोभेम्वर २: विगतको महिनामा हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइका** क्रियाकलापहरूका निम्ति ।

नोभेम्वर ३: हाम्रो पास्टर एस. साम सेल्भाराज र परिवारको निम्ति प्रशस्त आशिष्को निम्ति ।

### कृपया प्रार्थना गरौं...

नोभेम्वर ४: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति ।

नोभेम्वर ५: हाम्रा साझेदारहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति ।

नोभेम्वर ६: हाम्रा बहिनी जेसी बिना साम सेल्भाराको निम्ति, जो फेरि अस्वस्थ हुनुभएको छ ।

नोभेम्वर ७: हाम्रो सिनियर पास्टरको जीवनी लेख्न सफलताको निम्ति ।

नोभेम्वर ८: सबै ख्रीष्टियान संस्थाहरू र मिसनरीहरूका निम्ति ।

नोभेम्वर ९: संसारका सबै देशहरूबाट कोरोना भाइरसको उन्मूलनको निम्ति ।

नोभेम्वर १०: सारा संसारभरि शान्तिको निम्ति ।

नोभेम्वर ११: महिला र बालबालिका विरुद्ध हिंसाबाट परमेश्वरको सुरक्षाको निम्ति ।

नोभेम्वर १२: यो महिना **बोलावटको प्रतिध्वनि सेवकाइको** निम्ति आवश्यक रकम उपलब्ध गरिदिनको निम्ति ।

नोभेम्वर १३: सारा ख्रीष्टियान संस्था र मण्डलीहरूमाथि आशिष् र सुरक्षाको निम्ति ।

नोभेम्वर १४: सबै पक्षहरूमा हाम्रो देशको एकता र उन्नतिको निम्ति ।

नोभेम्वर १५: सारा विश्वासीहरूको हृदयको आँखा जागृत गरिदिनको निम्ति ।

नोभेम्वर १६: हाम्रो **नहेम्याह बाइबलल कलेजका** विद्यार्थीहरू र उहाँहरूका अध्ययनको निम्ति ।

नोभेम्वर १७: यो वर्ष हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** धेरै विद्यार्थीहरू भर्ना हुनको निम्ति ।

नाभेम्वर १८: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूका सुरक्षाको निम्ति ।

....Contd. from page 4

त्यागिरहेका छन् । यो अत्यन्तै खतरनाक कुरा हो ।

क) प्रभु येशू ख्रीष्टका हरेक विश्वासीले परमेश्वरको सहायताा असल पास्टर र मण्डलीको खोजी गर्नुपर्छ ।

ख) तिनीहरूले आफैंलाई त्यो पास्टर र मण्डलीसँग घनिष्ट रूपमा जोड्नुपर्छ र मण्डलीका सबै क्रियाकलापहरूमा संलग्न हुनुपर्छ ।

ग) तिनीहरूले पूरा हृदयले पास्टर र मण्डलीलाई सहायता गर्नुपर्छ र प्रभुले अगुवाइ गर्नुभएअनुसार प्रभुको सेवा गर्नुपर्छ ।

**"कति जनाको संगतिमा नजाने बानी हुन्छ तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं । तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ"** (हिब्रू १०:२५) ।

**"तिनीहरू परमप्रभुको भवनमा रोपिएका हुन्छन्, हाम्रा परमेश्वरका चोकहरूमा तिनीहरू मौलाउँछन्"** (भजनसंग्रह ९२:१३) ।

## ३. परमेश्वरको उद्देश्य पूरा गर्ने महत्वकाङ्क्षी व्यक्तिहरू:

जब प्रभु येशू ख्रीष्ट यस संसारमा हुनुहुन्थ्यो, उहाँसँग एउटा उद्देश्य थियो । धेरै जनाले विभिन्न आशाको साथमा उहाँलाई पछ्याए । उहाँले धेरै जिम्मेवारीहरू गर्नुपर्थ्यो र ठूला आशाहरू थिए । तापनि उहाँ उद्देश्य पूरा गर्न सावधान हुनुहुन्थ्यो, जसको लागि उहाँलाई परमप्रभुले पठाउनुभएको थियो: **"मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो"** (यूहन्ना ४:३४) ।

यो संसारमा आफ्नो उद्देश्य पूरा गर्न येशूले धेरै बाधाहरू र विरोधहरूको सामना गर्नुभयो । **उहाँको समयमा भएका मानिसहरूले उहाँमाथि विश्वास गरेनन्** (मत्ती १३:५८) । **उहाँलाई मसीहको रूपमा स्वीकार गरेनन्** (यूहन्ना १:११) । **उहाँको विरोध गरे** (मत्ती ८:३४) । **उहाँलाई सिकर्मीको छोरो भनेर गिज्याए** (मत्ती १३:५५) । **जब तिनीहरूले उहाँलाई नचाहिने प्रश्नहरू गरे, उहाँलाई चोट लागेको थियो** (यूहन्ना ८:६) । **उहाँलाई कोर्रा हानिएको थियो** (मत्ती २७:२६) । **तिनीहरूले उहाँको अनुहारमा थुके** (मर्कूस १५:१९) । **उहाँ क्रूसमा टाँगिनुभएको थियो र तिनीहरूले उहाँलाई मारे** (मर्कूस १५:२४) ।

यी तीता अनुभवका बीचमा येशूले आफ्नो उद्देश्यको मार्गलाई गुमाउनुभएन, जसको निम्ति उहाँ यस संसारमा आउनुभएको थियो । आफ्नो पिताको उद्देश्य पूरा गर्नु उहाँको महत्वकाङ्क्षा थियो । हामी पनि उहाँजस्तै हुनुपर्छ ।

***परमेश्वरका प्रिय सन्तानहरू, जीवनमा तपाईंको महत्वकाङ्क्षा के हो : तपाईंले परमेश्वरलाई प्रसन्न पार्नै पर्छ । परमेश्वरको योजना पूरा गर्न तपाईं आफ्नो महत्वकाङ्क्षामा बलियो हुनुहुन्छ भने उहाँले निश्चय नै तपाईंलाई आशिष् दिनुहुनेछ ।***

## ४. आफ्ना काम पूरा गर्ने महत्वकाङ्क्षी मानिसहरू:

**"जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु"** (यूहन्ना १७:४) । जब येशूले यसरी प्रार्थना गर्नुभयो, परमेश्वरले हामीलाई दिनुभएको काम पूरा गर्न हामीमा जिम्मेवारी हुनुपर्छ भनेर हामीले बुझ्छौं । प्रेरित पावलले भन्छन्: **"अब हेर्नुहोस्, म पवित्र आत्मामा बाध्य भएर यरूशलेमतिर जाँदैछु, त्यहाँ मलाई के-कसो परिआउने हो, सो म केही जान्दिनँ । यति मात्र जान्दछु कि हरेक सहरमा कैद र कष्ट ममाथि परिआउँछ भन्ने पवित्र आत्माले मलाई गवाही दिनुहुन्छ । तर म आफ्नो जीवनलाई कुनै मोलको र आफ्नो निम्ति प्रिय ठान्दिनँ । यति मात्र चाहन्छु कि परमेश्वरका अनुग्रहको सुसमाचारको गवाही दिनलाई मेरो दौड र प्रभु येशूबाट मिलेको मेरो सेवकाइ म पूरा गर्न सकूँ"** (प्रेरित २०:२२-२४) ।

प्रेरित पावलले प्रभु येशूबाट प्राप्त भएको सेवकाइ पूरा गर्ने चाहना राख्छन् भनेर तिनले भन्छन् । येशूले पहिले गर्नुभएको सेवकाइ पूरा गर्ने पावलको चाहनालाई ध्यान दिनु रोचक छ । सोही सेवकाइ हाम्रो हातमा राखिएको छ । परमेश्वरले कसैलाई पनि उद्देश्यबिना राख्नुभउको छैन । जब परमेश्वरले मानिसलाई अन्धकारबाट छुटकारा दिनुहुन्छ र आफ्नो सन्तानको रूपमा उसलाई परिवर्तन गर्नुहुन्छ, परमेश्वरले उसलाई विशेष काम दिनुहुन्छ र त्यसलाई पूरा गर्ने जिम्मेवारी दिनुहुन्छ । एउटा व्यक्ति उहाँको उद्देश्यमा अन्त्यसम्मै स्थिर रहनुपर्छ र परमेश्वरले उसलाई दिनुभएको काम पूरा

नहेम्याह बाइबल
साँझको कलेज
चेपाउक र सन्थोसापुरम, चेन्नाइ
माध्यमः तामिल
ATA- सदस्यताको निम्ति दर्ता भएको उम्मेद्वार
विगत ५३ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
ईश्वरशास्त्रमा प्रमाणपत्रः एक वर्ष
ईश्वरशास्त्रमा डिप्लोमाः दुई वर्ष
योग्यताः दश कक्षा र सोभन्दा माथि
भर्नाको लागि छिटो गर्नुहोस् ।
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ अनलाइन कक्षाहरु उपलब्ध छन् ★

गर्नुपर्छ। यी दिनहरूमा धेरैले ठूला योजानको साथमा सुरु गर्छन् र त्यो गर्न सुरु गर्छन्। तर जब तिनीहरूले बाधाको सामना गर्छन्, तिनीहरूले हरेस खान्छन् र अर्को दिशातिर फर्कन्छन् । अन्त्यमा, तिनीहरूले ठूलो असफलता अङ्गाल्छन् । तपाईंसँग दर्शन छ भने तपाईंले आफ्नो जीवनलाई भन्दा पनि ठूलो रूपमा त्यो दर्शनमा टाँसिनुपर्छ । महत्वकाङ्क्षा भएको व्यक्ति शारीरिक मृत्युसँग डराउँदैन ।

आज जसै म यी वचनहरू प्रचार गर्छु, मानिसहरूले मलाई हेरेर सोच्न सक्छन्, “अब भाइ साममा के समस्या छ ?” तर मेरो दर्शन र महत्वकाङ्क्षा पूरा गर्न विगत ४८ वर्षको समयमा मैले कति मोल र लगानी गरेको छु भनेर तिनीहरूलाई थाहा नहुन सक्छ। शारीरिक कमजोरी र आर्थिक समस्याको कारण मैले असङ्ख्यै समयमा कठिनाइबाट पेलिएको थिएँ। धेरै पटक मेरो जीवनमा मेरा आफ्नै आफन्तहरू र मेरा विश्वासपात्र मित्रहरूले समस्याहरू सृजना गरेका थिए। परमेश्वरले मलाई दिनुभएको दर्शन पूरा गर्नबाट मलाई दिनहुँ रोक्ने कोसिस गर्ने र मेरो महत्वकाङ्क्षी यात्रामा बाधा दिने अझै पनि केही शक्तिहरू छन् । **जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु** (फिलिप्पी ४:१३) । **मैले कसमाथि विश्वास राखेको छु, सो म जान्दछु** (२ तिमोथी १:१२) । अय्यूबसँगै म स्वीकार गर्छु, **“उहाँले मलाई मार्नुभए पनि म उहाँमाथि आफ्नो आशा राख्नेछु”** (अय्यूब १३:१५) । म यी विचारमा बलियो छु। प्रिय पाठकहरू, प्रभुको सेवा गर्न के तपाई पनि महत्वकाङ्क्षा भएको मानिस बन्न सक्नुहुन्छ ?

यरूशलेममा आफ्नो निम्ति बन्धन र संकष्टहरूले पर्खिरहेको छ भनेर जान्दाजान्दै पनि सन्त पावल आफ्नो बोलावटबाट फर्केनन्, जुन तिनले प्रभुबाट पाएका थिए। तिनले तिमोथीलाई लेखे, **“मैले उत्तम लडन्त लडेको छु, मैले दौड सिध्याएको छु र मैले विश्वास कायम राखेको छु”**

*....Contd. to page 9*

## आकस्मिक सूचना तपाईंको मोवाइलका सन्देशहरु

हामीले मोवाइलमा हरेक दिन हाम्रा मित्रहरुबाट प्रशस्तै तस्वीरहरु र बाइबलका पदहरु प्राप्त गरिरहेका छौं। वास्तवमा, हामीले तीमध्ये सबैलाई हेर्न सकेका छैनौं। हाम्रो मोवाइलबाट ती डिलिट गर्नुबाहेक अरु कुनै हाम्रो निम्ति मार्ग छैन। त्यसैले,हामी प्रेमिलो र विनम्रपूर्वक आग्रह गर्दछौं कि हाम्रो मोवाइलमा बाइबल पदहरु, सामान्य सन्देशहरु र तस्वीरहरु नपठाउनुहोस्। तर तपाईंका प्रार्थनाका आग्रहहरु र विशेष सन्देशलाई सधैं स्वागत गर्दछौं । तपाईंले बुझ्नुभएको निम्ति तपाईंलाई हामी धन्यवाद दिन्छौं।

**पास्टर एस. साम सेल्भाराज**

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन**। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले नि:शुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |




# खाडलबाट दरबार

**(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)**


**"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५) ।**

# प्रकाशनमा मेरो दर्शनको प्रगति

## PROGRESS OF MY VISION IN PUBLICATIONS!




Dr. N. Jeevanandam



Rev. S. Devadasan

मेरो स्कुलको दिनदेखि नै म पुस्तकहरू पढ्न अत्यन्तै रुचि राख्थें । **डा.एन. जीभानान्दामको** "मागीज्ची" र **रेभ. एस. देभादासनको** "हेराल्ड अफ हिज कमिङ" जस्तो प्रख्यात ख्रीष्टियान पत्रिकाहरू मेरो निम्ति ठूलो उत्साह र चलाउने शक्ति थियो । यी आशिष्हरू बाहिर ल्याउने भित्री चाहना ममा थियो, जुन मैले छापिएका पृष्ठहरूबाट सार्वजनिक रूमा स्वर्ग र पृथ्वीको बारेमा प्रभुबाट मैले पाएको थिएँ । तर स्टेसनरी किन्न मसँग आवश्यक आर्थिक थोकहरू थिएन ।



Registered with the Registrar of News Paper
For India under R.N.I. 11967/'67

வருட சந்தா ரூ.1/-

வருகை யின் தூதன்

Those who turn the world upside down. Acts.17:6.

Vol. 68 ... 2022 No.9



त्यसकारण, मैले आफ्ना सबै प्रेरणाहरू र प्रकाशहरू नियमित रूपमा कागजको टुक्रामा लेख्न सुरु गरें र यी कागजहरूमा आफ्ना हात राखेर प्रार्थना गर्न र अगाडिको प्रक्रियामा निर्देशनको निम्ति प्रभुसँग सोध्न सुरु गरें । म अत्यन्तै चिन्तित भएको थिएँ किनकि मैले लेखेका कागजहरू मेरो कोठामा थुप्रिरहेको थियो । त्यसैले, मैले पाउने पकेट मनीले लुगा र अन्य थोकहरू किन्नुको साटो मैले धेरै कागज, पेन, मसी, आदि किन्न सुरु गरें र त्यसपछि मैले प्रभुबाट पाएका सन्देशहरू लेख्न र अरूलाई वितरण गर्न सुरु गरें ।

जब-जब मैले यी छापिएका सन्देशहरू मेरा मित्रहरू र मैले भेट्ने मानिसहरूलाई वितरण गर्थें, तिनीहरूले अत्यन्तै सराहना गर्थे । केही महिनाभित्रै मैले टाइप गरिएका पृष्ठहरू र मेरो टाउको र काँधमा ती राखेर साइक्लोस्टाइलिङ मेसिनबाट यी सन्देशहरू वितरण गर्न सुरु गरें । फेरि केही समयपछि मैले छापिएका कागजहरूबाट धेरै प्रतिहरूमा यी सन्देशहरू वितरण गर्न सुरु गरें र त्यसपछि मैले आफ्नो छापाखाना सेवकाइ सुरु गरें ।




Mr. M. Munusami

सबैभन्दा पहिले, हामीले **बोलावटको प्रतिध्वनि** - तामिल र अंग्रेजी दुई भाषामा मासिक पत्रिका सुरु गर्‍यौं, त्यसपछि तामिल र अंग्रेजी पत्रिका र त्यसपछि त्यो दुई अलग दर्ता भएको पत्रिका बन्यो, तामिल र अंग्रेजी भाषाका मासिक पत्रिकाहरू ।

अब मासिक पत्रिकाहरू तालिम, अङ्ग्रेजी, सिंहाला, मलायालाम, अफ्रिकान्स, तेलगू, हिन्दी, कन्नडा, मराठी, आसामी, बेङ्गाली, उर्दू, नेपाली, गुजराती, ओरिया र पञ्जाबी भाषामा प्रकाशन भएका छन् । **बोलावटको प्रतिध्वनि** एउटै मात्र विश्वव्यापी




Echo of His Call Magazines in 16 languages



*Pr. Sam with his daughter Angeline carried magazines for distribution*

खीष्टियान जर्नल हो, जुन दर्ता भएको पत्रिकाको रूपमा १६ वटा भाषाहरूमा प्रकाशन भइरहेको छ। ती सबै भारत सरकारमा एउटा पत्रिकाको रूपमा दर्ता भएका छन्। मैले ती सबै आफ्नो साइकलबाट विभिन्न स्थानहरूमा लैजान्थें र त्यसपछि परमेश्वरले मेरी छोरी एन्जलीना सेल्भाकुमारीको साथमा लामो दुरी यात्रा गर्न मोटरसाइकलबाट मलाई आशिष् दिनुभयो।

मैले मासिक पत्रिकाहरूका निम्ति तालिम र अंग्रेजीमा लेखहरू लेख्दा बिना कुनै बाधा हाम्रो मानिस पत्रिकाहरू प्रकाशन गर्न हाम्रा सहसम्पादकहरू, अनुवादहरू र कर्मचारी सदस्यहरूबाट परमेश्वरले सहायता गरिरहनुभएको छ। तपाईंको प्रार्थनाको लागि नामहरू यहाँ छन्:

बहिनी सेरेना बेभिन, रेभ. डा. के. आर राजासेकरण, डा. ए. रिचार्ड शमूएल, रेभ. स्टेफन जोसेफ, भाइ जयरथ्ना डि सोयसा, बहिनी मन्जुला विरामहु, बहिनी रेनुका राजापाक्ष, प्रचारक बेन्जामिन मोजेज, भाइ मोहनकुमार, डा. मरिएटजी नेल्सन, भाइ एन. मोहन बाबु, बहिनी डोरोथी एस. थोमस, रेभ. आर. रामाकृष्ण, रेभ. शशी तिवारी, पा. जोशुवा राज, बहिनी बोर्नाली थापा राज, डा. अन्जन कुमार सिंह, भाइ इन्द्रजीत रोय, पा. सिभिन्दर कुमार, भाइ भुवन देवकोटा, भाइ राजकुमार भण्डारी, भाइ पंकज सी. वाडिया, बहिनी सुरामा शमूएल, भाइ आशिष् रमेश बाल्डहरी, भाइ एन. प्रकासाम, बहिनी गिथा गुरुस्वामी, बहिनी ए. डेजी रानी, बहिनी एस. थिरुमगल, भाइ जोन रोड्रिगुज, भाइ सी. एन्थोनी राज, भाइ सी.जे. जोसेफ, बहिनी ए. भिसालटची, भाइ एम. मनी, भाइ के. इन्द्रेस कुमार, भाइ एल. मोहन, भाइ आर. इम्मानुएल पावल र भाइ आर. विजय। यो मेरो दृष्टिमा आश्चर्यमय छ। **"यो परमप्रभुबाट भएको हो अनि हाम्रो दृष्टिमा आश्चर्यमय छ"** (भजनसंग्रह ११८:२३)।

**"उहाँले दुर्बललाई धूलोबाट र दरिद्रलाई घुरानबाट उठाउनुहुन्छ"** (१ शमूएल २:८)। ***

*पृष्ठ ७ बाट*

(२ तिमोथी ४:७)। दौड दौडनको निम्ति परमेश्वरले हामीलाई दिनुभएका हाम्रा प्रतिभाहरू र वरदानहरू प्रयोग गर्न अगाडि आएको उहाँले हाम्रो निम्ति बनाउनुभएको छ। **आफैंलाई महत्वकाङ्क्षी व्यक्तिको रूपमा रूपान्तरण गर्न समर्पित गर्नुहोस्, जसले भन्न सक्छ, "मेरो निम्ति बनाइएको दौड मैले खुसीसाथ पूरा गरेको छु।"**

## ५. आफ्नो लक्ष्यको रूपमा स्वर्ग राखेका महत्वकाङ्क्षी व्यक्तिहरू:

फिलिप्पी ३:१३-१४ मा सन्त पावल भन्छन्, **"भाइ हो, मैले यी सब पक्रिसकेको छु भनी म ठान्दिनँ तर म एउटा काम गर्दछु कि पछाडिका कुराहरू बिर्सेर र अगाडिका कुराहरूतिर जोडसँग लम्कँदै खीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोडसँग अगि बढ्दछु।"** हामी हरेकमा आत्मिक लक्ष्य भएको परमेश्वरले आशा गर्नुहुन्छ। यो लक्ष्य प्राप्त गर्नेहरूका निम्ति परमेश्वरले इनाम राख्नुभएको छ।

तपाईंको लक्ष्य के हो ? त्यो अरू केही होइन तर स्वर्ग हुनुपर्छ। जब हामीले यो लक्ष्यमाथि हाम्रो जीवनमा भएका हरेक थोकलाई राख्छौं, परमेश्वरले हामीलाई आशिष् दिनुहुन्छ। हाम्रा लक्ष्य संसारका थोकहरूमा राखिएका छन् भने निश्चय नै हामी असफल हुनेछौं। सारा सांसारिक बासना र असल थोकलाई हाम्रो पछाडि राख्दै र हाम्रो अघि क्रूसलाई निरन्तर राख्दै, हामी स्वर्गतिर बढ्दै जानुपर्छ, जुन हाम्रो लक्ष्य हो। प्रभु येशूको बारेमा थाहा नभएकाहरूलाई सहायता गर्ने चाहना हाम्रो हृदयमा हुनुपर्छ ताकि तिनीहरूले पनि मुक्ति प्राप्त गरून्।

***हाम्रो लक्ष्य स्वर्ग भएको होस् र यो अमूल्य लक्ष्यमा पुग्न हामी महत्वकाङ्क्षी व्यक्तिहरू बनौं।***

************

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

## बोलावटको प्रतिध्वनि

**यूट्युब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

***1. Bank : State Bank of India***

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

***2. Bank : ICICI Bank***

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

***3. Bank : State Bank of India***

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps **(Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.)** to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA

PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in

Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 17th OCTOBER 2022**

**If un-delivered please return to:**

**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers**, New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**